लागू औषध कारोबारी र प्रयोग दुबै बढ्नु चुनौतिः थाहानगर प्रमुख विष्ट । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-४३ ● २०८२ वैशाख २९ गते सोमबार, ● 12 May, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको ३ नम्बर वडामा वातावरणमैत्री झोला बनाउने तालिम

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा वातावरणमैत्री झोला बनाउने तालिम सुरू भएको छ । उद्योग तथा बाणिज्य कार्यालय हेटौंडाको आयोजना तथा थाहा नगरपालिका वडा नम्बर ३ र थाहानगर उद्योग वाणिज्य संघको व्यवस्थापनमा थाहाको थानाबजारमा तालिम सुरू भएको हो ।

तालिम उद्घाटन गर्दै वडा नम्बर ३ का अध्यक्ष तथा थाहा नगरपालिका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले सिकेको सीप व्यवहारमा लागू गर्न आग्रह गरे । पूर्णसर सफाई यूक्त नगर निर्माणमा बातावरणमैत्री झोला निर्माणले टेवा पुग्ने उनको भनाई छ । मानवस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने बातावरण स्वच्छ राख्न प्रत्येक नागरिकको दायित्व रहेको उल्लेख गर्दै उनले प्लाष्टिकजन्यपदार्थको अन्त्यका लागि यो कार्यक्रम प्रभावकारी हुने र स्वरोजगारमा पनि टेवा पुग्ने बताए ।

कार्यक्रममा थाहा नगरउद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालले बिगतमा पनि थाहा नगरउद्योग वाणिज्य संघले सामाजिक उत्तर दायित्वको काम गर्दै आएको बताए । महिलालाई आत्मनिर्भर बनाउन वातावरणमैत्री झोला निर्माण कार्यक्रमको आयोजना गरिएको उनले जानकारी दिए । उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाका प्रमुख रामप्रसाद भुषालको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटनमा प्रशिक्षक आरती श्रेष्ठले स्वागत गरेकी थिइन् । जेठ १९ गतेसम्म चल्ने तालिममा १७ जना महिलाको सहभागिता रहेको छ ।

थाहा नगरपालिका
वडा नं. १, २, ३ र ४ मा
नि:शुल्क ! 100 % FREE घर धारा जडान
यथासक्य छिटो वृहत खानेपानी आयोजनाको घरधारा जडान गर्नुहुन अनुरोध छ ।
२०८२ वैशाख मसान्त पश्चात् नियमानुसार जडान शुल्क भूक्तानी गर्नुपर्नेछ,
नियमानुसार धरौटी रकम दाखिला गर्नुपर्नेछ,
धारा जडान बापतको प्लम्बिङ खर्च उपभोक्ता आफैले तिर्नुपर्नेछ ।
थप जानकारीका लागि:
९८४५०७२०३०, ९८५५०६८६९५ र ९८४५०७६०१८
थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

# पालिकालाई प्रदेश सरकारले पठायो समानीकरण अनुदान

विकास संवाददाता
थाहानगर




बागमती प्रदेश सरकारले आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि वित्तीय समानिकरण अनुदानको अनुमानित बजेट पालिकाहरूका लागि तोकिदिएको छ । २३ वैशाखमा सम्पन्न मन्त्रीपरिषद बैठकबाट प्रदेशका १ सय १९ वटै स्थानीय तहहरूका लागि पठाइने वित्तीय समानीकरण अनुदानको बजेट तोकिदिएको मन्त्रालयका अधिकृत सातौं इन्द्रराज संज्यालले जानकारी दिए ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७५ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेश अन्तर्गतका सबै पालिकाहरूलाई अनुमानित बजेट पठाएको हो । मन्त्रालयले न्यूनतम, सुत्रमा आधारित र कार्यसम्पादन मूल्याङ्कनमा आधारित भएर समानीकरण बजेट पठाएको छ ।

मकवानपुरका दश पालिकामध्ये सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले समानीकरण बजेट पाएको छ । इन्द्रसरोवरले न्यूनतम १३ लाख ३० हजार, सुत्रमा आधारित ४७ लाख ६४ हजार र कार्य सम्पादन मूल्याङ्कनमा आधारित ५ लाख २५ हजार गरी कुल ६६ लाख १९ हजार रूपिया समानीकरण अनुदान पाउने भएको छ । सबैभन्दा बढि हेटौंडा उपमहानगर-पालिकाले समानीकरण अनुदान पाउने भएको छ । हेटौंडाले न्यूनतम ३२ लाख २० हजार, सुत्रामा आधारित २ करोड ७१ लाख ७७ हजार र कार्यसम्पादनमा आधारित अनुदान ५ लाख ७३ हजार रूपियाँ पाउने भएको हो ।

त्यसैगरी थाहा नगरपालिकाले आगामि आर्थिक वर्षका लागि १ करोड २५ लाख ८६ हजार समानीकरण अनुदान पाउने भएको छ । थाहाले न्यूनतम १७ लाख १५ हजार, सुत्रमा आधारित १ करोड २ लाख १७ हजार तथा कार्यसम्पादनमा आारित अनुदान ६ लाख १७ हजार पाउने भएको छ । कार्यसम्पादनमा आधारित यो बजेट मकवानपुरका सबै स्थानीय तहको भन्दा बढि हो । यसका आधारमा पनि थाहा जिल्लाकै अब्बल पालिकाको रूपमा स्थापित भएको छ । कैलाश गाउँपालिकाले ९० लाख ५२ हजार अनुदान पाउने भएको छ । कैलाशले न्यूनतम १८ लाख ६० हजार, सुत्रमा आधारित ६५ लाख ८४ हजार र कार्यसम्पादनमा आधारित ६ लाख ८ हजार रूपैया पाउने भएको हो । राक्सिराङ गाउँपालिकाले ९६ लाख ११ हजार रूपिया समानीकरण अनुदान पाउने भएको छ । राक्सिराङका लागि न्यूनतम १८ लाख ६० हजार, सुत्रमा आधारित ७१ लाख ६४ हजार तथा कार्यसम्पादनमा आधारित अनुदान ५ लाख ८७ हजार रहेको छ ।

त्यस्तै मनहरी गाउँपालिकाले १ करोड २५ लाख ३० हजार अनुदान पाउने भएको छ । पालिकाले न्यूनतम १७ लाख ९५ हजार, सुत्रामा आधारित १ करोड १ लाख १८ हजार र कार्यसम्पादनमा आधारित ६ लाख १७ हजार रूपिया पाउने भएको हो । भीमफेदी गाउँपालिकाले ९९ लाख ९३ हजार समानीकरण अनुदान पाउने भएको छ । न्यूनतम १८ लाख ६० हहजार, सुत्रमा आधारित ७६ लाख ६८ हजार र कार्यसम्पादनमा आधारित ४ लाख ६५ हजार बजेट पाउने भएको हो ।

मकवानपुरगढी गाउँपालिकाले ९७ लाख ९३ हजार समानीकरण बजेट पाउने भएको छ । न्यूनतम १६ लाख ३५ हजार सुत्रमा आधारित ७५ लाख ४३ हजार र कार्यसम्पादनमा आधारित ४ लाख १५ हजार बजेट पाउनेछ । बकैया गाउँपालिकाले १ करोड २२ लाख ५६ हजार समानीकरण बजेट पाउने भएको छ । बकैयाले न्युनतम २२ लाख ४५ हजार, सुत्रामा आधारित ९५ लाख ९० हजार र कार्यसम्पादनमा आधारित अनुदान ४ लाख २१ हजार रूपैयाँ अनुदान पाउने भएको छ । बागमती गाउँपालिकाले १ करोड ८ लाख ३८ हजार रूपैया बजेट पाउने भएको छ । न्यूनतम २१ लाख ६५ हजार सिफारिस भएको बकैयाले सुत्रमाा आधारित ८१ लाख २२ हजार र कार्यसम्पादनमा आधारित ५ लाख ५१ हजार अनुदान पाउने भएको छ ।

बागमती प्रदेशका १ सय १९ स्थानीय तहका लागि कुल १ अर्ब ६६ करोड २५ लाख वित्तीय समानीकरण अनुदान मार्फत पालिकाहरूलाई बजेट पठाउने प्रदेश सरकारको अनुमान छ । जसमा न्यूनतम २१ करोड १९ लाख ७५ हजार, सुत्रमा आधारित १ अर्ब ३८ करोड ४० लाख २५ हजार र कार्यसम्पदानमा आधारित ६ करोड ६५ लाख रूपियाँ अनुमानित बजेट विनियोजन गरिएको छ ।

सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा



पालिका प्रेस
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्क: ९८५५०३७५६१
palikapress.com@gmail.com

हाम्रा सेवाहरू :
समाचार लेखन तथा सम्पादन
समाचार पत्र सेटिङ
फोटो, भिडियो तथा अडियो पत्रकारिता
अनलाइन पत्रकारिता
कम्प्युटर सम्बन्धी आधारभूत सीप

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# • सम्पादकीय •

## सुर्तीजन्य पदार्थ सेवन रोकथामको सवाल

विश्वमा प्रत्येक वर्ष ८० लाखभन्दा बढी मानिसको सुर्तीजन्य पदार्थ सेवनले निम्त्याउने रोगका कारण ज्यान जाने गर्दछ । यसमा १३ लाखभन्दा बढी व्यक्तिको त चुरोट सेवन नै नगरी केवल धुम्रपान गर्ने व्यक्तिको नजिकमा आएर सास फेर्दा ज्यान गुमाउनुपर्ने अवस्था छ । सुर्तीजन्य पदार्थ मानव स्वास्थ्यका लागि मन्दविष जस्तै हुन् । धुम्रपान नगर्ने तर धुम्रपान गर्ने व्यक्तिको नजिकमा रही त्यसको धुवाँ लिन बाध्य हुनेहरूलाई पनि क्यान्सर, दम, हृदयघातजस्ता गम्भीर समस्याहरू देखिन सक्ने विज्ञहरुले बताउँदै आएका छन् । शहरी क्षेत्रमा पछिल्लो समय नयाँ प्रविधिका सुर्तीजन्य उत्पादनहरू– भेप, ई–सिगरेट, निकोटिन प्याड्स जस्ता सामग्री विशेष गरी युवावर्गमा फेसनको रूपमा फैलिँदैछन् । क्याफे, स्कूल अगाडि, अनलाइन डेलिभरीमार्फत् यस्ता उत्पादनमा युवाको सहजै पहुँच स्थापित भएको छ ।

ग्रामीण क्षेत्रमा परम्परागत खैनी, गुट्खा, सुपारी मिसाइएको सुर्ती, बीडी चुरोट अझै व्यापक छ । अझ खतरनाक त के छ भने कतिपय समुदायमा यी पदार्थहरू सामाजिक व्यवहारको अङ्ग झैं भएका छन् । पाहुनालाई सुपारी दिने, कामको थकान मेट्न खैनी खाने, चुरोट बाँड्ने जस्ता प्रचलनले सुर्तीजन्य पदार्थ सेवनलाई बढाएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक सर्वेक्षण अनुसार हरेक वर्ष नेपालमा झन्डै २७ हजारभन्दा बढी मानिसको सुर्तीजन्य रोगका कारण अकालमै मृत्यु हुने गरेको छ । यसबाट मुख्यगरी फोक्सोको क्यान्सर, मुटुरोग, उच्च रक्तचाप, मुखको क्यान्सर र श्वासप्रश्वाससम्बन्धी रोगहरू लाग्ने सम्भावना हुन्छ । अरूले सेवन गरेको चुरोटको धुवाँका कारण पनि महिलाहरू, बालबालिका र वृद्धहरूमा दीर्घकालीन असर देखिने गरेका छन् । भनिन्छ, सुर्तीमा खर्च हुने रकमले परिवारको पोषण, शिक्षा र आधारभूत स्वास्थ्य सेवामा समेत असर पारिरहेको छ । त्यसो त नेपालले सुर्तीजन्य वस्तुको नियन्त्रणसम्बन्धी महासन्धि अनुमोदन गरिसकेको छ । महासन्धिको पक्ष राष्ट्रहरुले कानुन बनाएर यसको नियन्त्रणमा प्रयास गरिरहेका छन् । नेपालले पनि यस्तो प्रयास नगरेको होइन । सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन ल्याएको पनि छ । सुर्तीजन्य पदार्थको प्याकेजिङमा ९० प्रतिशत भाग अनिवार्य रूपमा चेतनामूलक राख्नुपर्ने कानुनी व्यवस्था छ भने अब १०० प्रतिशत भाग राख्नुपर्ने कानुन कार्यान्वयनको प्रक्रियामा छ । सार्वजनिक स्थानमा धुम्रपान सेवन निषेध गर्ने, प्याकेटमा चेतावनीयुक्त चित्र अनिवार्य गर्ने, १८ वर्षमुनिका व्यक्तिलाई बिक्री गर्न नपाइने तथा सुर्तीजन्य उत्पादनहरूको विज्ञापन, प्रवर्द्धन र प्रायोजनमा पूर्ण प्रतिबन्ध लगाउने जस्ता महत्वपूर्ण प्रावधान यसमा छन् ।

सुर्तीजन्य पदार्थ सेवन रोक्न कानुनी कोणबाट हेरेर मात्र सम्भव छैन । नागरिक स्तरमै चेतना र त्यो चेतनाको व्यवहारिक अभ्यास जरुरी छ । अभिभावकहरूले बालबालिकामा बाल्यकालदेखि नै सुर्तीविरुद्ध सचेतना विकास गर्नुपर्छ । शिक्षक, समुदायका अगुवा, धार्मिक संस्थाहरूले सुर्तीजन्य पदार्थलाई सामाजिकरूपमा अस्वीकार्य बनाउने अभियान सञ्चालन गर्ने, सञ्चारमाध्यमले यसलाई निरन्तर तथ्यमा आधारित सामग्री, विज्ञहरूको साक्षात्कार, पीडितका अनुभव र सरकारलाई जवाफदेही बनाउने विषय सञ्चारसामग्रीका रुपमा पस्कने हो भने यसले जागरण पैदा गर्न मद्दत गर्नेछ । सुर्तीजन्य पदार्थको लत केवल व्यक्तिगत व्यसनमात्र होइन, सामाजिक–आर्थिक र सार्वजनिक स्वास्थ्यसँग जोडिएको गम्भीर समस्या हो । यस्तो समस्या समाधान गर्न अब दिवसमा दिइने प्रतीकात्मक नाराबाट संभव छैन, सरोकारवाला व्यावहारिक कार्ययोजना र दिगो प्रतिवद्धतासहित अघि बढ्नुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |


# किसान आन्दोलन र कृषिको विकास



◆ पदम भण्डारी

विश्वभरका किसानले शताब्दियौँदेखि शोषण र अन्यायविरूद्ध संघर्ष गर्दै आएका छन् । मानव सभ्यताको विकाससँगै कृषिको महत्व बढ्दै गयो र यसमा संलग्न किसानले विभिन्न समयमा शोषण र अन्यायको विरूद्ध आवाज उठाए । भूमि, उत्पादन र अधिकारका लागि भएका यी संघर्षले विश्व र नेपालको इतिहासमा महत्वपूर्ण छाप छोडेका छन् । यी आन्दोलनले भूमि अधिकार, आर्थिक न्याय र सामाजिक परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेलेका छन् ।

सन् २०२०–२०२१ को भारतको किसान आन्दोलन आधुनिक संघर्षको सफल उदाहरण हो । भारत सरकारले सन् २०२० मा ल्याएका तीन नयाँ कृषि कानुनको विरोधमा पन्जाब र हरियाणाका किसानले दिल्लीको सिमानामा करिब एक वर्ष आन्दोलन गरे । उनीहरूले कानुनले न्यूनतम समर्थन मूल्य प्रणाली कमजोर बनाउने र कर्पोरेट नियन्त्रण बढाउने आरोप लगाए । व्यापक विरोधपछि सरकारले कानुन फिर्ता लिन बाध्य भयो । नेपालको इतिहासमा किसान आन्दोलन र कृषिको विकास एकअर्कासँग जोडिएका छन् । नेपालको अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको कृषि क्षेत्रले लामो समयसम्म सामन्ती शोषण, परम्परागत खेती प्रणाली र राज्यको उपेक्षाको सामना गर्नुपर्‍यो । यसैको परिणामस्वरूप विभिन्न समयमा किसान आन्दोलनहरू जन्मिए, जसले कृषिसम्बन्धी नीति र समग्र भूमि व्यवस्थामा परिवर्तनका लागि महत्वपूर्ण दबाब सिर्जना गरे । किसान आयोगको स्थापनाले पनि किसानका मुद्दालाई संस्थागत रूपमा सम्बोधन गर्ने प्रयासलाई संकेत गर्छ ।

नेपालमा किसान आन्दोलनको इतिहास राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनासँगै बढेको देखिन्छ, यद्यपि त्यसअघि पनि छिटपुट विद्रोह नभएका होइनन् । यी आन्दोलनका मुख्य कारणमा भूमिको असमान वितरण, जमिनदारको शोषण, चर्को ब्याजदर, जबर जस्ती श्रम (बेठबेगारी) र आधारभूत सुविधाको अभाव प्रमुख थिए । राणाकालको अन्त्यतिर केही चेतनाका बिजारोपण हुन थाले । वि.सं. १९७७ मा सुब्बा कृष्णलाल अधिकारीले लेखेको 'मकैको खेती' नामक पुस्तकलाई किसान आन्दोलन उठानको प्रारम्भिक बिन्दु मानिन्छ, जसले र णाशासकको क्रूरता उजागर गर्‍यो । यस्तै, वि.सं. १९९६–९७ मा योगमायाको बानी र विद्रोहले पनि किसानलाई एकजुट हुन प्रेरित गरेको थियो ।

२००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरेपछि किसानका मुद्दा चर्को रूपमा उठ्न थाले । विभिन्न राजनीतिक दलले किसानलाई आफ्नो आधार बनाएर आन्दोलनलाई थप ऊर्जा दिए । वि.सं. २००९–२०१० मा भीमदत्त पन्तको नेतृत्वमा किसान विद्रोह भयो । सुदूरपश्चिमको डडेलधुरा, डोटी र कञ्चनपुरमा भीमदत्त पन्तको नेतृत्वमा भएको यो विद्रोह सामन्ती शोषण, जमिनदारको ज्यादती र जाली तमसुकविरूद्ध लक्षित थियो । 'कि जोत हलो, कि त छोड थलो' भन्ने नाराका साथ उठेको यो आन्दोलनलाई सरकारले भारतीय सेनाको सहयोगमा क्रूरतापूर्वक दमन गर्‍यो र पन्तको हत्या भयो । यो आन्दोलनले भूमिसुधारको आवश्यकतालाई जोडदार रूपमा उठायो । वि.सं. २००८ मा गठन भएको अखिल नेपाल किसान संघले देशभर विभिन्न किसान आन्दोलनलाई सांगठनिक नेतृत्व प्रदान गर्‍यो । यसले रैकरमा जग्गा परिणत गर्ने, मोहियानी हक दिलाउने, ऋण मिनाहा गर्नेजस्ता मागहरू उठायो । वि.सं. २००८–२०१३ सम्म अखिल नेपाल किसान संघले आन्दोलन गर्‍यो । अनेकिसंघको दबाबका कारण २००८ मा भूमिसुधार घोषणा भयो र २००९ मा भूमिसुधार कमिसन बन्यो, यद्यपि त्यसका प्रतिवेदनहरू पूर्णतः लागू भएनन् ।

त्यसैगरी मुलुकमा थुप्रै स्थानीय तथा क्षेत्रीय आन्दोलनहरू भए । तराईमा व्याप्त जमिनदारी प्रथा र शोषणविरूद्ध वि.सं. २००७–२०१४ सम्म रौतहट, सप्तरी र पर्सामा महत्वपूर्ण आन्दोलनहरू भए । कामी बुढाको नेतृत्वमा वि.सं. २०११ मा रूकुम र रोल्पासहित पश्चिमका दुर्गम पहाडी क्षेत्रमा सामन्ती शोषणविरूद्ध किसानहरू उठे । त्यस्तै तनहुँ र गोरखामा एकदेव आलेको नेतृत्वमा वि.सं. २०११ मा जाली तमसुक च्यात्ने र जमिनदारको जग्गा सुकुम्बासीलाई वितरण गर्ने आन्दोलन भयो । त्यसैगरी बर्दियामा बटैया प्रथाको अन्त्यका लागि किसानले संघर्ष गरे । सप्तरीमा बलदेव रामको अगुवाइमा सिनो बहिष्कार आन्दोलन भयो । यो आन्दोलन जातीय छुवाछूतको अन्त्य र भूमिमाथि किसानको हकका लागि थियो ।

किसान आन्दोलनको दबाबकै कारण नेपालमा भूमिसुधारसम्बन्धी विभिन्न ऐन–कानुन पनि बने । वि.सं. २०१३ मा भूमिसुधारका केही कार्यक्रम घोषणा भयो । यद्यपि यी कार्यक्रम प्रभावकारी भएनन् । वि.सं. २०१४ मा भूमि ऐन बन्यो, यसले भूमिसम्बन्धी केही व्यवस्था ल्यायो । वि.सं. २०१६ मा बिर्ता उन्मूलन ऐन आयो । यो ऐनले बिर्ता जग्गालाई रैकरमा परिणत गर्ने प्रयास गर्‍यो । वि.सं. २०२१ को भूमिसुधार ऐन नेपालको इतिहासमा सबैभन्दा महत्वपूर्ण भूमिसुधार ऐन मानिन्छ । यसले जग्गाको हदबन्दी, मोहियानी हकको व्यवस्था, अनिवार्य बचत कार्यक्रम र बिर्ताको अन्त्य गर्नेजस्ता प्रावधान ल्यायो । यद्यपि, यसको कार्यान्वयनमा विभिन्न कमजोरी र चुनौतीहरू रहे । पछिल्लो समयमा पनि विभिन्न किसान आन्दोलन भए । २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि र २०६२–६३ को जनआन्दोलनपछि पनि किसानका मुद्दा उठिरहेका छन् । पछिल्ला केही वर्षदेखि उखु किसानले चिनी मिलबाट बक्यौता रकम पाउन र उखुको उचित मूल्य निर्धारणका लागि पटक–पटक आन्दोलन गर्दै आएका छन् । रासायनिक मलको अभाव, गुणस्तरीय बीउबिजनको समस्या र सिँचाइको अपर्याप्तताले गर्दा किसानले निरन्तर आवाज उठाइरहेका छन् । नेपालमा किसानले दूधको भुक्तानी नपाउने समस्या लामो समयदेखि दोहोरिँदै आएको समस्या हो । विशेष गरी २०७७ सालयता यो समस्याले विकराल रूप लिएको छ, जसमा किसानले महिनौँसम्म बक्यौता रकम पाउन सकेका छैनन् । यो विषयमा पनि बेलाबखत आन्दोलन हुने गरेको छ ।

नेपालमा कृषिको विकासक्रमलाई विभिन्न चरणमा हेर्न सकिन्छ । राणाकालसम्मको अवधिमा कृषि पूर्णतया परम्परागत विधि, अव्यवस्थित सिँचाइ र स्थानीय बीउबिजनमा आधारित थियो । उत्पादनको प्रमुख उद्देश्य जीविकोपार्जन मात्र थियो । सामन्ती भूमिव्यवस्थाले कृषि उत्पादनमा कम प्रोत्साहन दिएको थियो, किनभने अधिकांश उत्पादन जमिनदार र राणा शासककोमा जान्थ्यो । वि.सं. २००७ पछि संस्थागत विकासको सुरूवात भयो । प्रजातन्त्रको स्थापनापछि नेपालमा कृषि विकासका लागि विभिन्न संस्थागत प्रयास सुरू भए । कृषि क्षेत्रको विकासका लागि सरकारी निकायहरूसहित कृषि विभागको स्थापना गरियो । योजनाबद्ध विकासको अवधारणासँगै कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न पञ्चवर्षीय योजना बने । विभिन्न बालीका बीउबिजन विकास गर्न, नयाँ प्रविधि भित्याउन र किसानसम्म पुर्‍याउन कृषि अनुसन्धान केन्द्र तथा कृषि सेवा केन्द्रहरूको स्थापना गरियो । जङ्गबहादुर राणाकै पालामा वि.सं. १९२० मा नेपालमा चिया खेतीको सुरूवात र वि.सं. १९९४ मा कृषि परिषद्को गठन तथा कृषि फार्महरू खोल्ने काम भयो ।

सन् १९६० को दशकमा विश्वभर फैलिएको हरित क्रान्तिको प्रभाव नेपालमा पनि पर्न थाल्यो । गहुँ र धानजस्ता बालीमा उच्च उत्पादनशील बीउबिजन भित्याइयो । उत्पादन बढाउन रासायनिक मलको प्रयोगलाई प्रोत्साहन गरियो । साना तथा मझौला सिँचाइ आयोजनाहरू निर्माण गरियो । पञ्चवर्षीय योजनाका साथै लामो अवधिको कृषि विकास रणनीतिहरू जस्तैः कृषि विकास रणनीति–२०५२ र कृषि विकास रणनीति–२०७२ तर्जुमा गरी कृषि क्षेत्रको समग्र रूपान्तरण गर्ने लक्ष्य राखियो । यसले कृषिमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र विविधीकरणमा जोड दियो । हाल पनि नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब एक–चौथाइ छ र यसले ठूलो संख्यामा रोजगारी प्रदान गर्छ । तर, कृषिको विकासमा अनेकौँ चुनौती छन् । जलवायु परिवर्तनको असर, गुणस्तरीय मल र बीउबिजनको अभाव, सिँचाइको पहुँचमा कमी, युवा पलायन, जग्गा खण्डीकरण र बाँझोपन तथा उत्पादनको बजारीकरणको समस्या अझै पनि जटिल छ । किसानका हकहितको संरक्षण र कृषि क्षेत्रको

बाँकी पेज ३ मा

# काखीको कालोपन हटाउने यस्ता छन् घरेलु उपाय

काखीको कालोपन एक सामान्य समस्या हो, जुन प्रायः महिला, पुरूष दुवैमा देखिन्छ। काँखी कालो हुने समस्या प्राय टाइट कपडा लगाउने, धेरै पसिना आउने, रासायनिक डिओडरेन्टको प्रयोग र सेभिङ गर्ने कारणले हुन सक्छ। विशेष गरी, स्टाइलिश कपडा लगाएर आकर्षक देखिन चाहने महिलाहरूका लागि कालो काखी असहज बन्न सक्छ। यस्तोमा धेरै महिलाले आफ्नो काखीको कालोपन हटाउन महँगा छाला हेरचाह सम्बन्धी उत्पादनहरू प्रयोग गर्छन्, जुन धेरै प्रभावकारी वा सुरक्षित मानिँदैन। यस्तो अवस्थामा केही घरेलु र प्राकृतिक उपाय अपनाएर पनि काँखीको कालोपनबनट छुटकारा पाउन सकिन्छ।

### १. दही र मह

कालो काखीको समस्याबाट छुटकारा पाउन दही र महको प्रयोग गर्न सकिन्छ। महले छालालाई नरम र मुलायम राख्छ। साथै, छालाको दाग र ट्यानिङको समस्याबाट पनि छुटकारा दिलाउन सक्छ। यसका लागि एउटा कचौरामा २ चम्चा दही लिएर त्यसमा २ चम्चा मह मिश्रण गर्ने। यो मिश्रणलाई काखीमा लगाउने र करिब २० मिनेटपछि मनतातो पानीले धुने। हप्तामा २ देखि ३ पटक यो प्रयोग गर्दा काखीको कालोपन हट्न सक्छ।

### २. दही र बेसन

काखीको कालोपन हटाउन दहीमा बेसन मिसाएर पनि लगाउन सकिन्छ। बेसनले छालामा रहेका मृत कोशिकाहरू र फोहोर हटाउँछ। साथै, यो छालाको रङ सुधार गर्नमा पनि प्रभावकारी हुन्छ। यसका लागि २ चम्चा दहीमा २ चम्चा बेसन मिश्रण गर्ने। अब यो मिश्रणलाई काखीमा लगाउने र सुक्न दिने। करिब १५-२० मिनेटपछि पानीले धुने। हप्तामा २ देखि ३ पटक यो प्रयोग गर्दा कालोपन बिस्तारै हट्न थाल्छ।

### ३. कागती र बेसार

कागती र बेसारले छालालाई भित्रैबाट चम्काउँछ। एक चम्चा बेसारमा केही थोपा कागतीको रस मिसाउने। यो पेस्ट अनुहारमा लगाएर १० मिनेटपछि धुने। यसलाई हप्तामा २ पटक प्रयोग गर्नुपर्छ। यसले कालोपन हटाउनुका साथै छालालाई ताजा र कसिलो बनाउँछ।

### ४. गुलाब जल

बेकिङ सोडामा गुलाब जल मिसाएर पेस्ट बनाउने। यो पेस्टले २ मिनेटसम्म काखीमा स्क्रब गर्ने र त्यसपछि धुने। यो विधिले कालो दागलाई बिस्तारै हल्का गर्छ।

### ५. काँक्रो

काँक्रोलाई पिसेर त्यसको रस निकाल्ने र कपासले काखीमा लगाउने। १० मिनेटपछि धुने। दैनिक प्रयोग गर्दा यसले छालाको रङ हल्का हुन्छ।

### ६. नरिवलको तेल

नरिवलको तेलमा एउटा भिटामिन ई क्याप्सूल मिसाएर राति सुत्नुअघि काखीमा लगाउने। यसले छालाको मर्मत गर्छ र चमक फर्काउँछ।

### ७. जैतुनको तेल

एक चम्चा चिनीमा जैतुनको तेल मिसाएर काखीमा २ मिनेट स्क्रब गर्ने। त्यसपछि हल्का मनतातो पानीले धुने हप्तामा २ पटक यसको प्रयोग गर्दा छालाको रङमा फरक देखिन्छ।

### ८. आलु

आलुमा भिटामिन, खनिज, जिंक र आइरन पाइन्छ। यी तत्वहरूले छालामा रहेका दाग र धब्बाहरू हटाउँछन्। छालालाई स्वस्थ र सफा राख्नका लागि आलुको टुक्रामा एक चिम्टी बेसार लगाएर रगड्ने। ३ देखि ५ मिनेटसम्म रगडेपछि सामान्य पानीले छाला सफा गर्ने। आलुमा रहेका तत्वहरूले जिद्दी दाग र कालोपनलाई सजिलै हटाउँछ।

# यी हुन् च्याट जिपिटीसँग शेयर गर्न नहुने कुराहरु

प्रविधिको तीव्र विकाससँगै मानिसहरूमा दिनप्रतिदिन कृत्रिम बुद्धिमत्ता अर्थात् एआई आधारित प्रविधिको प्रयोग बढिरहेको छ। त्यसमध्ये विश्वभर सबैभन्दा लोकप्रिय च्याटबटको रूपमा रहेको च्याट जिपिटीले हाम्रो जीवनशैलीमा नयाँ ढंगले प्रभाव पार्न तथा अन्तरक्रिया गर्न थालेको छ। तर कहिलेकाहीँ यससँगको अन्तरक्रियाले हाम्रो व्यक्तिगत गोपनीयता जोखिममा पार्न सक्ने चेतावनी विज्ञहरूले दिँदै आएका छन्।

### च्याट जिपिटी : एआई हो तर पूर्ण सुरक्षा छैन

ओपन एआईद्वारा विकास गरिएको च्याट जिपिटी एक प्रकारको जेनेरेटिभ भाषा मोडेल हो। यसले प्रयोगकर्ताको प्रश्नको उत्तर स्वतः तयार पार्छ। यसले सामान्य ज्ञान, लेख, कथा, गीत, योजना, कानुनी सुझाव, स्वास्थ्य टिप्स आदि अनेक विषयमा सटिक जवाफ दिन सक्छ। तर, यो कुनै विवेकी मानिस होइन, न कुनै प्रमाणित डाक्टर वा वकिल। त्यसैले यससँगको अन्तरक्रियामा सधै सजगता अपनाउनु आवश्यक छ।

### च्याट जिपिटीसँग कस्ता जानकारी शेयर गर्नु हुँदैन ?

**१. व्यक्तिगत विवरणहरु :**
आफ्नो नाम, ठेगाना, मोबाइल नम्बर, पासपोर्ट नम्बर, नागरिकता, तथा अन्य परियचपत्रको विवरण, इमेल ठेगाना, जन्म मिति आदि गोप्य विवरण च्याट जिपिटीमा कहिल्यै पनि लेख्नु हुँदैन। च्याटबटमा शेयर गरिने यस्ता निजी जानकारीहरू अनधिकृत रूपमा गलत हातमा पुग्ने र व्यक्तिको पहिचान दुरूपयोग हुन सक्छ।

**२. पासवर्ड वा लगइन विवरण :**
बैंक खाताको पासवर्ड, इमेल वा फेसबुक लगइन, टू फ्याक्टर अथेन्टिकेसन कोड जस्ता विवरणहरू एआई सिस्टममा राख्दा सर्भरमा स्टोर हुन सक्ने सम्भावना रहन्छ, जुन साइबर सुरक्षाको दृष्टिले घातक हुन सक्छ।

**३. आधिकारिक वा व्यावसायिक गोप्य सूचना :**
यदि तपाईं कुनै निजी संस्था, बैंक वा सरकारी निकायमा कार्यरत हुनुहुन्छ भने कम्पनीको रणनीति, ग्राहकको तथ्यांक, गोप्य प्रतिवेदन तथा भविष्यको परियोजना योजना जस्ता दस्तावेजहरू एआई च्याटबटसँग शेयर गर्नु हुँदैन। यसो गर्दा कम्पनीको व्यापारिक जासुसी हुने वा सूचना चुहावटको खतरा रहन्छ।

**४. स्वास्थ्यसम्बन्धी संवेदनशील जानकारी :**
एआईले सामान्य स्वास्थ्य टिप्स दिन सक्छ तर मेडिकल रिपोर्ट, मनोवैज्ञानिक अवस्था, औषधि प्रयोगको इतिहास, मानसिक समस्याका विस्तृत विवरण जस्ता विषय च्याट जिपिटीमा शेयर गरेर त्यसले दिने सुझावमा भर पर्नु हुँदैन। यस्ता विषयहरूमा वास्तविक चिकित्सक वा मनोचिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ।

**५. कानुनी विवाद वा संवेदनशील मामिला :**
च्याट जिपिटीलेले कानुनी प्रक्रिया बारे सामान्य जानकारी दिन सक्छ, तर मुद्दा विवरण, अदालतको पत्र, कानुनी सल्लाह वा मिसिल जस्ता संवेदनशील जानकारी यससँग शेयर गर्दा तपाईंको कानुनी गोपनीयता तथा स्थितिमा समस्या उत्पन्न हुनसक्छ।

**६. भविष्य योजनाहरु र रणनीति :**
व्यक्तिगत, पारिवारिक वा व्यावसायिक योजना (जस्तैः नयाँ कम्पनीको अवधारणा, नवप्रवर्तनशील परियोजना तथा लगानी रणनीति आदि) पनि गोप्य राख्नुपर्छ। सार्वजनिक प्लेटफर्ममा यस्ता विचार चुहिदा आफ्नो प्रतिस्पर्धात्मक लाभ गुम्न सक्छ।

**इन्टरनेट प्रयोगमा विशेष ध्यान दिनुपर्ने कुरा**
स्मार्टवाच, फोन तथा ल्यापटप प्रयोग गर्दा सार्वजनिक वाइफाइमा च्याट जिपिटी प्रयोग नगर्नुहोस्। सधैं दुई तहको प्रमाणीकरण 'टु फ्याक्टर अथेन्टिकेसन' राख्नुहोस्। बालबालिकालाई एआई प्रयोग गराउँदा अभिभावकले आवश्यक निगरानी गर्नुहोस्। च्याट जिपिटीबाट शंकास्पद जवाफ आएमा प्रमाणिक स्रोतबाट पुष्टि गर्नुहोस्।

## अर्थतन्त्रको दिगो... . .

विकासका लागि किसान आयोगको स्थापना नेपालमा एउटा महत्वपूर्ण कदम हो। वि.सं. २०७३ मा गठन भएको राष्ट्रिय किसान आयोगले किसानका समस्या अध्ययन गर्ने, सरकारलाई आवश्यक नीतिगत सुझाव दिने र किसानका हक अधिकारको संरक्षणका लागि काम गर्छ। यसले किसानका मुद्दालाई विभिन्न सरकारी निकाय र नीति निर्माणको तहसम्म पुऱ्याउन संस्थागत पुलको काम गर्छ। आयोगले किसान परिचयपत्र वितरण, कृषि बीमाको वकालत र किसानमैत्री कानुन निर्माणमा पैरवी गर्नेलगायतका कार्यहरू गर्दै आएको छ।

नेपाल सरकारले कृषि क्षेत्रको विकासका लागि विभिन्न नीति तथा कार्यक्रमहरू ल्याएको छ। आर्थिक वर्ष २०८१-८२ देखि 'कृषिमा लगानी दशक' घोषणा गरिएको छ। यसले सरकारी, निजी, सहकारी र विकास साझेदारको लगानी बढाएर कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्ने लक्ष्य राखेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जोन, सुपर जोन, पकेट क्षेत्र र ब्लकको अवधारणामा कृषि उत्पादन बढाउने र किसानलाई व्यावसायिक बनाउने प्रयास भइरहेको छ। त्यस्तै दातृ निकायहरूको सहयोगमा सञ्चालित विभिन्न परियोजनाले पनि कृषिमा सहयोग गरिरहेका छन्।

नेपालको इतिहासमा किसान आन्दोलनले सामन्ती शोषणविरूद्ध आवाज उठाउँदै भूमिसुधार र किसानका हक-अधिकारका लागि दबाब सिर्जना गरेका छन्। यी आन्दोलनको परिणामस्वरूप विभिन्न भूमिसुधारका प्रयास भए, जसले कृषि क्षेत्रको संरचनात्मक परिवर्तनमा केही हदसम्म योगदान पुऱ्याए। किसान आयोगको स्थापनाले किसानका समस्यालाई संस्थागत रूपमा सम्बोधन गर्ने बाटो खोलेको छ। यद्यपि, कृषिको विकासले अपेक्षा गरेजति गति लिन सकेको छैन। किसान आन्दोलनका माग अझै पनि पूर्ण रूपमा सम्बोधन हुन बाँकी छन् र आधुनिक कृषि प्रणालीको पूर्ण कार्यान्वयनका लागि थप लगानी, नीतिगत सुधार र किसानमैत्री वातावरणको आवश्यकता टड्कारो देखिन्छ।


नगरौ विवाहका कुराः भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ। बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं। बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङगारिक, अप्राङगारिक) गरि विभाजन गरौं। सड्ने फोहरलाई मल बनाऔं। नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं। ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं। विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।
- समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडाका राइ दम्पती गड्यौला पालन गरेर आम्दानी गर्दै



◆ विकास संवाददाता

मकवानपुरको हेटौंडामा बसोवास गर्दै आएका एक दम्पत्तिले घरमै गड्यौला पालन गरेर मल उत्पादन सुरू गरेको दुई दशक भएको छ । हेटौँडा-७ नागस्वतीको हरियाली चोकमा बस्दै आएकी ४९ वर्षीया जानुका राई र उनका श्रीमान धनराज राईले वि.सं. २०६० सालदेखि गड्यौला पालन गरी मल उत्पादन गर्न सुरू गरेका हुन् । यसअघि राई दम्पति ज्याला मजदुरी गर्दै जीविकोपार्जन गर्दै आएका थिए । करिब २० वर्ष अघि गड्यौलाबाट मल बन्ने थाहा पाएपछि जानुकाले गाउँमै तालिम लिएर घरमा नै जैविक मल बनाउने सोच बनाएका थिए ।

तीन हजार रूपियाँमा एक किलो गड्यौला किनेर सुरू गरिएको मल उत्पादनले खेती किसानी गर्ने कृषकको मन जितेको छ । अहिले मासिक ३ क्विन्टलसम्म मल उत्पादन गर्ने गरेको उनले सुनाए । उनका अनुसार हाल ५० किलो हाराहारीमा गड्यौला पालन गरिएका छन् । '१ किलो गड्यौलाले ५० किलो बराबरको मल निकाल्ने गरेको छ । पहिले १ किलो मल बिकाउन धौधौ हुन्थ्यो । अहिले माग पूरा गर्न कठिन भएको छ' उनले भने । राई दम्पतिले घरमै तयार गरेको अर्ग्यानिक मलप्रति किसानहरूको रूची बढ्दै गएको छ । मिसावटी रासायनिक मलले बाली उब्जनीमा समस्या देखिन थालेपछि राई दम्पतिको घरमै उत्पादित जैविक मलको माग बढ्दै गएको हो । गड्यौलाको मल प्रतिकिलो ३५ रूपियाँमा बिक्री गर्ने गरेको उनी बताउँछन् । उनले भने- 'किसानहरूको मागअनुसार मल बिक्री गर्न सकिरहेको छैन । अब गड्यौलाको बासस्थान थप्ने तयारीमा छौं । त्यसपछि अझै धेरै मल उत्पादन गर्न सकिने आशा छ ।'

घरमै मल उत्पादन हुने हुँदा घरमा तरकारी उब्जाउन र अन्नपात फलाउन पनि निकै सहज भएको उनको भनाइ छ । घामपानी छेक्ने एक कोठामा उपयुक्त लम्बाइ, चौडाइअनुसार तयार गरिएको एक पिटमा गड्यौलाको बासस्थान बनाइएको छ । मासिक ३० डोका मल किनेर गड्यौलाको बासस्थान तयार गरिन्छ । गाई भैंसीको मलमुत्र र घरमै उपलब्ध हुने कुहिने फोहोर च्यापत्ती, तरकारीका बोक्रा, अण्डाको बोक्रा तथा पात पतिङ्गरबाट मल तयार गरिने उनले बताए ।

उनका अनुसार गड्यौलाको मल उत्पादन थोरै मिहिनेत गरेर धेरै लाभ लिन सकिने पेसा हो । गड्यौला चिसोमा हुर्किने जीव हो । गड्यौलालाई बाँच्न उचित तापक्रम चाहिने हुँदा तापक्रम जाँच गरिरहन आवश्यक छ । गड्यौला बस्ने स्थानको तापक्रम ३६ डिग्रीभन्दा माथिको हुनु हुँदैन । राई दम्पतिका अनुसार चौपायाको मलमुत्रलाई संकलन गरेर त्यहाँ गड्यौला राखिन्छ । गड्यौलाले त्यसलाई आहाराको रूपमा खाने गर्छ र त्यहि मलमुत्र गर्छ । यसरी केही समयपछि जैविक मल तयार हुन्छ ।

माटोलाई चिसो बनाइराख्न र माटोको उर्वराशक्ति बढाउने हुँदा अन्य रासायनिक मल भन्दा यो निकै फलदायी रहेको जानुका राईको भनाइ छ । उतिबेला लिएको तालिमले आत्मनिर्भर बनाउँछ र जिविकोपार्जन गर्ने माध्यम बन्ने भन्ने लागेको थिएन राइले भने,-'फोहोर भनेर फालिएका वस्तु नै यति उपयोगी हुन्छ भनेर मैले सोचेकी थिइनँ । अहिलेत जान्ने हो भने फोहोरबाट धेरै लाभ लिन सकिने रहेछ ।'

# मासिंदैछ, रैथाने मकै बाली

◆ विकास संवाददाता

बजारमा सहजै पाइने उन्नत बिउ र घरमा बिउ राख्दा हुने झन्झटले रैथाने मकैको बिउ हराउँदै गएको छ । किसानले पुराना बालीको बिउ जोगाउने चलन हराउँदै जाँदा उन्नत (हाइब्रिड) को प्रयोग बढ्दै गएको हो । ९० प्रतिशत किसानले आफ्नो रैथाने बिउ छोडेर बजारको किनेर खेती लगाउन थालेपछि स्थानीयस्तरमै पाइने मकैको बिउ मासिँदै गएको छ । स्थानीयस्तरमै उपलब्ध हुने खुमलटार, रामपुरे र मनकामना जातको मकैको बिउ हराउँदै गएको बकैया गाउँपालिका -४, तुलसीपुरका हस्तबहादुर कार्कीले बताए । अहिले हाइब्रिड जातको बिउ प्रयोग गरेर मकै खेतीमार्फत आम्दानी गरिरहेको उनले बताए । "बाजेबाबुको पालासम्म स्थानीयस्तरमै उपलब्ध हुने रैथाने मकैको बिउ रोप्ने गरेका थियौं, स्थानीय जातको मकै कम उत्पादन हुन थालेपछि अहिले हाइब्रिड जातको मकै लगाउने गरेका छौं," कार्कीले भने ।

दानाका लागि बिक्री हुने हाइब्रिड मकैको बिउ एक पटक प्रयोग गरेपछि पुनः अर्को वर्ष बिउ किन्नुपर्ने बाध्यता रहेको उनले बताए । "स्थानीयस्तरमा पाइने मकैको जस्तो हाइब्रिडको बिउ काम लाग्दैन, प्रत्येक वर्ष बिउ किन्नु पर्छ," उनले थपे । हाइब्रिड मकैको प्रत्येक पटक छ सय रूपियाँका दरले बिउ किन्नु परेको उनको भनाइ छ ।

मङ्सिरमा आठ कट्ठा क्षेत्रफलमा मकै लगाउनुभएका किसान कार्कीले वैशाखमा मकै भाँचेर बिक्री गरेको बताए । एक कट्ठा हाइब्रिड जातको मकै तीनदेखि चार क्विन्टलसम्म फल्ने गरेको किसानको भनाइ छ । फागुन र चैतमा आएको हुरीबतासले भने केही नोक्सान भएको किसानको गुनासो छ । यहाँका किसानले उत्पादन गरेको हाइब्रिड मकै दानाका लागि प्रतिकेजी ३५ रूपियाँका दरले बिक्री हुने गरेको छ । खरिदकर्ता किसानको बारीमै पुग्ने गरेका छन् । फौजी किरा र गभारोले मकै खेतीमा धेरै असर गरेको बकैयाका अर्का किसान केदार लामिछानेको भनाइ छ । उनले पनि हाइब्रिड जातको मकै खेती गरेका छन् ।



रैथाने बिउको मकैको बोट हलुको र फल्नसमेत धेरै समय लाग्ने भएकाले किसानले विभिन्न जातको हाइब्रिड मकै लगाउने गरेको पालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले बताए । किसान आफैंले बिक्रीका लागि ल्याउँदा ढोडसहितको मकै प्रतिकेजी छ रूपियाँ र पालिकाले किसानको बारीबाटै ढुवानी गरेर ल्याउँदा प्रतिकेजी चार रूपियाँ दिने गरेको उनले बताए । हाइब्रिड मकै लामो समयसम्म टिकाउ नहुने र चाडै किरा लाग्ने गरेको किसानको भनाइ छ । छोटो समयमा उत्पादनबाट राम्रो मूल्य लिन हाइब्रिड जातको मकैको बिउ प्रयोग गर्ने गरियता पनि यहाँका किसानले बारीमा स्थानीयस्तरमै पाइने मकैको बिउ प्रयोग गर्नुभएको छ । मकवानपुरको बागमती किनार र अन्य पालिकाले पनि रैथाने मकैको बिउको सट्टा हाइब्रिड बिउ प्रयोग गर्दा मकैको बिउमा परनिर्भर बन्दै गएको छ ।

# थाहाको न्यायिक समितिलाई तालिम

◆ विकास संवाददाता

न्यायिक समिति क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मकवानपुर थाहा नगरपालिकामा तीन दिने न्यायिक समितिलाई क्षमता अभिवृद्धिसहित पुनर्ताजगी तालिम सुरू भएको छ । थाहानगरको थानाबजार स्थित फेमेली होटल तथा ब्याङ्क्युइटको सभाहलमा २७ वैशाखबाट तालिम शुरू भएको हो । कार्यक्रममा न्यायिक समितिले गर्ने काम र क्षमता अभिवृद्धि गर्ने उदेश्यले नगरपालिका भित्र रहेका मेलमिलाप केन्द्रका संयोजक तथा सदस्यहरूको तालिममा सहभागीता रहेको छ ।

थाहा नगरपालिका न्यायिक समिती संयोजक भरत गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रम प्रमुख अतिथी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान रहेका थिए । प्रमुख अतिथी प्रधानले न्याय सम्पादनमा न्यायिक समिति र मध्यस्थकर्ताहरूको भुमिका एवम अधिकारको बारेमा सहजीकरण हुनुपर्नेमा जोड दिदै स्थानीय स्वायत्त शासनको मुख्य अभिप्राय नै राष्ट्रिय नेतृत्व निर्माण गर्नु भएको बताए । प्रमुख प्रशासकीय अधिकृत प्रधानले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यापूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको निर्माण गर्नका लागि स्थानीय नेतृत्व सबल र सक्षम हुन जरूरी रहेको औंल्याउदै तालिमको सफलताको शुभकामना दिए ।

न्यायिक समिती संयोजक उपप्रमुख भरत गोपालीले न्यायका लागि मेलमिलापको माध्यम उपयुक्त भएको भन्दै यसको व्यापकता र प्रभावकारिता मेलमिलापकर्तामा निर्भर रहने बताए । मेलमिलापबाट समाधान गरिएका विवादहरू कार्यान्वयन गर्न प्रभावकारी र हने हुनाले मेलमिलाप प्रक्रियालाई नगरपालिकाले प्राथमिकता साथ अवलम्वन गर्नुपर्ने आवश्यकता औंल्याए । थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सुचिकृत मेलमिलापकर्तालाई तालिमको आयोजना गरियको न्यायीक समितीका सहजकर्ता गोपी कार्कीले बताइन् ।

तालिमका सहभागीहरूलाई अधिवक्ता प्रवीण हुमागाई, पुष्कर पराजुली, सुष्मा पौडेल, बन्धुराज पौडेल, कविता अधिकारीले न्यायिक समिति र मध्यस्थकर्ताहरूले न्याय सम्पादनमा खेल्नुपर्ने भूमिकाका बारेमा सहजीकरण गरिरहेका छन् । तालिम सुरूवात कार्यक्रममा न्यायिक समिती सदस्यहरू बम बहादुर सिनतान, कार्यपालिका सदस्य पवित्रा सिं ठकुरी, अन्जु श्रेष्ठलगायत नगरपालिका भित्रका मेलमिलाप सहजकर्ताहरूको उपस्थिति रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरूपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ ।

## पालुङ जेसीजको २०८२ सालको क्यालेण्डर बिमोचन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको २०८२ सालको क्यालेण्डर विमोचन गरिएको छ ।

२६ वैशाखमा थाहाबजार स्थित गंगा होटलमा आयोजित एक समारोहमा ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबु अर्यालले क्यालेण्डर विमोचन गरेका हुन् । कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका प्रमुख अर्यालले पालुङ जेसीजले जेसीज अभियानमा फरक पहिचान बनाउँदै निरन्तर सफलता प्राप्त गर्न सफल हुन शुभकामना दिए ।

शाखाका अध्यक्ष माधव कार्कीको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# हेटौंडा १० नम्बर वडाको जग्गा पुनःनापी गरिने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले १० नं. वडाको जग्गा पुनःनापी गर्ने भएको छ। उपमहानगरपालिकाको २०८१ चैत्र २९ गत बसेको कार्यपालिका बैठकले यो निर्णय गरेको हो। वडा कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी पुनः नापी गर्ने निर्णय भएको उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले जानकारी दिएका छन् ।

त्यसैगरी १० नं. वडामा निर्माणाधीन टर्मिनल बसपार्क भवनको कार्य सम्पन्न गर्नको लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएको भेरिएसन आदेश सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र हेटौंडा उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० बमोजिम स्वीकृत गर्ने निर्णय भएको उनले बताए । उपमहानगरको वडा नं. १, २, ४, ५ र १० मा एकीकृत ढल व्यवस्थापन तथा खानेपानी आयोजनालाई अगाडि बढाउन सिफारिस गरिने भएको छ ।

त्यसैगरी उपमहानगरपालिकाले वैशाख २३ गतेसम्म अनुमान गरिएको ६० दशमलव २५ प्रतिशत अर्थात १ अर्ब ७१ करोड आम्दानी गरिएको र व्ययतर्फ ४३ दशमलव ९९ प्रतिशत अर्थात् १ अर्ब २५ करोड खर्च भएको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

डेङ्गु बाट बचौं र बचाऔं,
➢ पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
➢ डेङ्गु संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौ ।
➢ संक्रमणको पुष्टि भएपछि स्वास्थयकर्मीको सल्लाहअनुसार अगाडी बढौं।
➢ कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौ? विचार गरौं वरीपरीको वातावरण सफा राखौं, लामखुट्टेबाट वचौं ।
सचेत बनौं, ससाना कुरामा ध्यान दिंदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# लागू औषध कारोबारी र प्रयोग दुबै बढ्नू चुनौतिः थाहानगर प्रमुख विष्ट

◆ विकास संवाददाता




थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले मकवानपुरमा लागुऔषध कारोवार तथा ओसारपसारका घटना वृद्धि भइरहेको र दैनिक रूपमा लागूऔषध प्रयोगकर्ताको संख्या पनि बढ्दो क्रममा रहनु चुनौतिको विषय भएको बताएका छन् । मकवानपुर नै लागूऔषधी कारोबारको हब बन्दै गैरहेकोमा प्रमुख विष्टले चिन्ता व्यक्त गरे। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय मकवानपुरले विकास घर शिखरकोटमा २४ वैशाखमा आयोजना गरेको नागरिक सुनुवाई कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक बिश्वराज खड्काले जिल्लामा आर्थिक बर्ष २०८१/०८२ को चैत्र मसान्त सम्म ४ हजार ३ सय १७ किलो गाँजा,२० किलो २ सय ३१ ग्राम अफिम,४ सय २८ ग्राम खैरो हिरोइन, ५१ किलो ७ सय १० ग्राम चरेस, कोरेक्स ३ सय ७७ बोतल, नाइट्राभेट ६० हजार ४ सय ५५ क्याप्सुल, डाइजापाम १६ सय ३२ एम्पुल र लागुऔषध कारोबारमा प्रयोग भएको ३४ थान सवारीसाधन पत्राउ गरेको जानकारी दिए । प्रमुख खड्काले यस आर्थिक बर्षको चैत सम्म १ सय ३९ वटा मुद्दा दर्ता गरि २ सय ८ जनालाई पत्राउ गरिएको जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको अनुसार जिल्लामा १५ बर्ष देखि २५ बर्ष सम्म उमेर रहेका ५१ प्रतिशतले लागू औषधको प्रयोग गर्ने गरेको तथ्यांक र हेको छ भने २६ देखि ३५ बर्षका २९ प्रतिशत र ३६ बर्ष देखि माथीका २० प्रतिशत लागू औषध प्रयोग गर्ने गरेको छ । जिल्लामा यो आर्थिक बर्षमा १ सय २० बिघा ४ का क्षेत्रफलमा लगाइएको गाँजा र ३९ बिघा ८ कामा लगाइएको अफिम नष्ट गरिएको विवरण प्रस्तुत गरिएको थियो ।

थाहा नगरपालिकाको समन्वयमा भएको कार्यक्रम मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले नागरिक सुनुवाई कार्यक्रममा उठेका प्रश्नको जवाफ दिदै अरूको भविष्यमाथी खेलवाड गर्नेलाई बिचरा, कठै भन्ने छुट कसैलाई नभएको बताइन् । लागू औषध नियन्त्रणमा निर्मम भएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो। विशेष गरी स्थानीय तहले लागूऔषध खेती र कारोबार रोक्न ध्यान दिनुपर्ने श्रेष्ठको आग्रह थियो । नेपाल सरकारले कानुन नबनाउन्जेल गाजा रोप्नु, खानु, ओसारपसार गर्नु सबै अबैध रहेको बताउदै यस्मा शंका नगर्न आग्रह गरिन् ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र प्रसाद कडेलले जिल्ला प्रशासन कार्यालयबाट सम्पादक हुने कार्यको बारेमा प्रस्तुतीकरण दिएका थिए भने थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले पालिकाले गरेका कार्यसम्पादन र प्रगती प्रतिवेदन प्रस्तुत गरे ।

नागरिक सुनुवाइमा विशेषतः नागरिकको तर्फबाट थाहानगरमा ईलाका प्रशासन कार्यालय, नागरिकता र राष्ट्रिय परिचयपत्र शिविर र लागु औषध कारोबारी पत्राउमा प्रहरीको भुमिका सम्बन्धी प्रश्न गरेका थिए । कार्यक्रममा ससस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक सन्तोष बिक्रम शाह, राष्ट्रिय अनुसन्धान मकवानपुरका उप अनुसन्धान निर्देशक प्रज्वल खड्का, थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, राजनीतिक दलका प्रमुखहरू, जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधिलगायत स्थानीयको उपस्थिति रहेको थियो। कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

# पालुङ बहुउद्देश्यीय सहकारीमा वित्तीय साक्षरता कार्यक्रम



◆ विकास संवाददाता

मकवानपुर थाहानगरको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले संस्थामा आवद्ध लघुवित्त महिला आयआर्जन समुह प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम गरेको छ । संस्थाको सभाहल थानाबजारमा भएको कार्यक्रममा १ सय ५६ जना समुह अध्यक्षहरूको उपस्थिति रहेको थियो । २६ वैशाखमा भएको सो कार्यक्रममा संस्थाले वित्तीय साक्षरता तथा आधुनिक डिजिटल प्रविधि तथा मोवाईल बैंकिङसंग सम्बन्धि विषयमा प्रशिक्षण दिएको थियो ।

कार्यक्रममा वित्तीय साक्षरताको विविध विषयवस्तुको बारेमा संस्थाका व्यवस्थापक प्रकाश पौडेल र सह व्यवस्थापक रामप्रसाद ढकालले प्रस्तुतीकरण गरेका थिए । सो अवसरमा सहभागीहरूलेले वित्तीय संस्थाबाट ऋण लिएपछि केही न केही व्यवसाय सञ्चालन गर्न आवश्यक रहेको बताउदै सहकारी संस्थाले गाउँघरका सोझासाझा महिला दिदी बहीनीहरूलाई सही सूचना आदान प्रदान गर्नुका साथै महिला दिदी बहीनीहरूको आय आर्जन हुने काममा ऋण लगानी गर्न सहयोगी हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा उपस्थित सम्पूर्णलाई स्वागत तथा वित्तीय संस्थाको वर्तमान अवस्थाको बारेमा संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टले स्पष्ट पारेका थिए। संस्थाका उपाध्यक्ष अरूण रायमाझीले स्वागत गरेका थिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

# काँग्रेसका नेता बानियाँले अस्पताल डाँडामा पुगेर भने-'पर्यापर्यटनमा हातेमालो गरौं'

◆ विकास संवाददाता

नेपाली काँग्रेस बागमती प्रदेशका सभापति तथा पुर्व गृह राज्यमन्त्री इन्द्रबहादुर बानियाँले थाहा नगरपालिका पर्ययापर्यटनको सम्भावना बोकेको स्थान भएकोले विकासका लागि सबैले हातेमालो आवश्यक भएको बताएका छन् । विकासका लागि राजनीतिकस्तर भन्दा माथि उठेर काम गर्न सके सबैतिर विकासको माओल आउउने उनको भनाइ थियो । थाहा नगरपालिकाको वडा नम्बर २ मा रहेको हिमचुली सामुदायिक बन उपभोक्ता समितिले आयोजना गरेको "पर्यटन प्रवर्द्धनमा सरोकारवाला निकाय तथा समुदायको भुमिका" बिषयक अन्तर क्रियात्मक कार्यक्रमलाई सम्बोधन गर्दै बानियाँले यस्तो बताएका हुन् ।

हिमचुली सामुदायिक वन क्षेत्र भित्र रहेको जिल्लाकै अर्को उच्च स्थान अस्पताल डाँडामा आयोजित कार्यक्रममा सभापति बानियाँले अस्पताल डाँडामा आउनको निम्ति पैदलमार्ग बनाउन सके थाहा नगरपालिकाको पर्यटन विकासमा अर्को टेवा पुग्ने बताउदै उक्त कार्यको लागि प्रदेश पर्यटन मन्त्रालय बाट आगामी आर्थिक बर्षमा ५० लाख रूपैयाँ प्रदेश सरकारबाट बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

उनले निर्वाचनको बेला आफुलाई मनपरेको पार्टी र उमेदवारलाई भोट हाल्न पाइने तर विकासमा सबैको एउटै साथ हुनुपर्नेमा जोड दिदै गणतन्त्र, समाबेशीता र संघीयताले सबै बर्ग र क्षेत्रको बिकास गर्ने बताउदै गणतन्त्र र संघियताको संस्थागत बिकासमा जोड दिए । हिमचुली सामुदायिक बनका अध्यक्ष जित बहादुर लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत



गोपाली, वडा नम्बर २ का अध्यक्ष बम बहादुर सिन्तान, वडा नम्बर ७ का अध्यक्ष शिवराज थिङ, वडा नम्बर १२ का अध्यक्ष टिकाराम स्याङ्तान, नेकपा एमालेका पुर्व नगर अध्यक्ष अच्युतम प्रसाद ढकाल, नेपाली काँग्रेसका थाहानगर सभापति प्रमोदकृष्ण जोशी, काँग्रेस महाधिवेशन प्रतिनिधि भरत लामा, राप्रपा नगर अध्यक्ष कुलमान तामाङ, पालुङ जेसीजका अध्यक्ष माधव कार्की, संचारकर्मी शम्भु अधिकारीलगायत स्थानीयको बाक्लो उपस्थिति रहेको थियो ।

### कहाँ छ, अस्पताल डाँडा

मकवानपुर थाहा नगरपालिकाको २ नम्बर वडामा अवस्थित अस्पताल डाँडा एक रमणीय र ऐतिहासिक स्थल हो। समुन्द्री सतहदेखी २५ सय २५ मिटर उचाई र १२४ हेक्टर क्षेत्रफलमा फैलिएको अस्पताल डाँडामा किंवदन्ती अनुसार तेत्रायुगमा राम-रावण युद्द हुँदा लक्ष्मण घाइते हुँदा हनुमानले हिमाली क्षेत्रबाट संजिवनी बुटी ल्याउदा यस स्थानमा बुटि खसेकोले यहाँ विश्राम गर्दा पुराना रोग निको हुने बिश्वास रहेकोले यो डाडाको नाम अस्पताल डाँडा रहन गएको जनश्रूति छ ।

# बागमती प्रदेशका दुई पर्यटन विकास आयोजना कार्यालय खारेज

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले २ वटा पर्यटन विकास आयोजना सहित कार्यालय खारेज गरेको छ । २३ वैशाखमा बसेको मन्त्रीपरिषद् बैठकले २ वटा पर्यटन विकास आयोजना र २ वटा पर्यटन कार्यालय खारेज गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने जानकारी दिए ।

मन्त्री लामिछानेको अनुसार संस्कृति तथा पर्यटन मन्त्रालयअन्तर्गतको पर्यटन विकास आयोजना हेटौंडा र पर्यटन विकास आयोजना ईकाई कार्यालय काठमाडौं खारेज गर्ने निर्णय भएको हो । त्यसैगरी बैठकले उपत्यका पर्यटन कार्यालय काठमाडौं र पर्यटन कार्यालय चितवनलाई खारेज गर्ने निर्णय गरेको छ । अस्थायी संरचनाको रूपमा रहेका ती कार्यालय खारेज गरेको मन्त्री लामिछानेले जानकारी दिए । मन्त्रालयको संगठन संरचना तेरिज स्वीकृत गर्दै ती कार्यालय खारेज गर्ने निर्णय भएको हो । बैठकले प्रदेश राजधानी हेटौंडामा मन्त्रालय र एक कार्यालय रहने व्यवस्था गरेको छ भने अन्य ४ जिल्लामा कार्यालय राख्ने निर्णयगरेको हो ।

बैठकले हेटौंडासहित नुवाकोट, दोलखा, चितवन र काठमाडौंमा पर्यटन कार्यालय खडा गर्ने निर्णय गरेको छ । बैठकले प्रशासनका कर्मचारी प्रमुख रहनेगरी मन्त्रालय र मातहतका निकायमा साविकको ११७ जनाको दरबन्दीलाई घटाएर १०६ कायम गरेको छ ।


यसअघि २ वटा आयोजनामा प्राविधिकतर्फका इन्जिनियर वा वन अधिकृत प्रमुख रहने व्यवस्था थियो । बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको छ ।


## स्तन क्यान्सरका लक्षण !

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।

*यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी